# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७९।१०।२४ गते।

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गलत लिखत सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०७९।१०।२४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी

देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | गंगाधर पौडेल, धर्मराज रोकाया, नारायणप्रसाद पोखरेल, उमेशमान जोशी, आशिष महर्जन, पुष्पाकला राई, जित बहादुर मगर ,राजन प्रसाद लम्साल, पुण्य प्रसाद खरेल, निरज कुमार मानन्धर र प्रकाश बिक्रम मिश्र (वि.अ.को मु.नं. ०७५-CR-०११५, वि.अ.को फैसला मिति २०७९।०२।३०) | गलत लिखत तयार गरी भ्रष्टाचार गरेको । | •प्र. गंगाधर पौडेल, धर्मराज रोकाया, नारायणप्रसाद पोखरेल, उमेशमान जोशी, आशिष महर्जन र पुष्पाकला राईः भ्र.नि. ऐन, २०५९ को दफा ९ को कसुरमा सोही दफा बमोजिम सजाय हुन तथा प्र. जित बहादुर मगर ,राजन प्रसाद लम्साल, पुण्य प्रसाद खरेल, निरज कुमार मानन्धर ,प्रकाश बिक्रम मिश्रलाई भ्रष्टाचार निबारण ऐन २०५९ को दफा ९ ले हुने सजायमा ऐं. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सजाय हुन । | **फैसलाः** आरोपदावीबाट सफाई ।<br>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**<br>• प्रतिवादीहरु उपर शंकर इलेक्ट्रोनिक्स इण्डष्ट्रिज प्रा.लि.का संचालकले यी प्रतिवादीहरु उपर भ्रष्टाचार कसूरमा उजुरी गरेको देखिएन,<br>• प्रतिवादी गंगाधर पौडेल, धर्मराज रोकाया, नारायणप्रसाद पोखरेल, उमेशमान जोशी, आशिष महर्जन र पुष्पाकला राईले कानूनी त्रुटी गरेको देखिएतापनि यी प्रतिवादीहरुले जाहेरवालालाई हानिनोक्सानी पुऱ्याउने वा आफूलाई गैरकानूनी लाभ पुऱ्याउने वदनियत राखेको देखिएन<br>• प्रतिवादीमध्येका जितबहादुर मगर, निरजकुमार मानन्धर, पुण्यप्रसाद खरेल, राजनप्रसाद लम्साल र प्रकाशबिक्रम मिश्र मतियारको रुपमा कसूर गरेको भन्ने वादी दावी रहेकोमा मुख्य कसूरदारको आरोपदावीमा रहेका प्रतिवादीहरुले सफाई पाएको अवस्थामा मतियारको दावी रहेका यी प्रतिवादीहरु उपरको आरोपदावी पुष्टि हुने देखिएन। | • अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा १३(१) मा भ्रष्टाचारको सम्बन्धमा कसैको उजुरी वा कुनै श्रोतवाट आयोगलाई प्राप्त भएको जानकारीको आधारमा आयोगले यस ऐन बमोजिम अनुसन्धान र तहकिकात गर्न वा अन्य कारवाही चलाउन सक्नेछ भन्ने व्यवस्था रहेको,<br>• जाहेरीवालालाई हानी पुरयाउने बदनियत राखी गलत लिखत तयार गरी आफनो जिम्मेवारीबाट बिमुख भई पदीय दायित्व पुरा नगरी जाहेरीवालालाई हानी नोक्सानी पुऱ्याउने तथा आफूहरुले गैरकानूनी लाभ लिने गलत मनसायले एक आपसमा मिलेमतो गरी ओहदाको दुरुपयोग गरेको हुँदा उक्त कार्यमा प्रतिवादीहरुको वदनियत रहेको पुष्टी हुन आएको,<br>• कुनै कार्यमा वदनियत छ वा छैन भन्ने विषयको निर्धारण त्यसमा प्रतिवादीहरुले गरेको कार्य (Actus reus) वाट निर्धारण हुने भन्ने अपराधिक मनसाय (Means rea)को सिद्धान्त रहेको,<br>• प्रतिवादीहरुले मौकामा तथा अदालत समक्ष समेत आफूहरुले शंकर इलेक्ट्रोनिक्स इण्डष्ट्रीज प्रा.लि.का.सञ्चालक शेयरधनिको नामको शेयर जीतबहादुर मगरको नाममा नामसारी गर्ने सम्बन्धमा शेयर लगत अभिलेख गर्ने, कम्पनिको नियमावली एवं प्रवन्धपत्र समेतको अभिलेख कार्य गरेको तथा प्रतिवादी आशिष महर्जन र पुष्पाकला राईको मोवाईल नं.को User Id वाट User Name Approved र Password Change गरेको कुरा सोही कार्यालयको पत्रवाट खुल्न आएको,<br>• जाहेरीले वादी नेपाल सरकार विरुद्ध जित बहादुर मगरसमेत भएको विद्युतीय कारोवार सम्बन्धी कसूर (०७५-c१-०१३१) मुद्दामा प्रतिवादीहरु जित बहादुर मगर, राजन प्रसाद लम्साल, पुण्य प्रसाद खरेल, निरज कुमार मानन्धर, गंगाधर पौडेल, धर्मराज रोकाया, नारायण प्रसाद पोखरेल,उमेश मान जोशी, आशिष मर्हजन, पुष्पाकला राई उपर विद्युतीय (इलेक्ट्रोनिक्स) कारोवार ऐन, २०६३को दफा ४५ र ४६ (अभियोग मागदावी) बमोजिम कसूर ठहर र सजाय भएको। |